महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

**२०७८**

ऐरावती गाउँपालिका

प्यूठान




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्याः २०७८/७९
च.नंः-२४

मितिः २०७८/५/४

श्री अध्यक्ष ज्यू,
ऐरावती गाँउपालिका
गाँउपालिकाको कार्यालय, प्यूठान ।

**विषयः–** लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी)
नायव महालेखापरीक्षक

वोधार्थ तथा कार्यार्थः
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ —प्रतिवेदन संलग्न छ ।

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना , बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

(लुम्विनी,कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं२४ मितिः२०७८।५।४

श्री अध्यक्ष ज्यू,
ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **ऐरावती गाउँपालिका**को आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु १ करोड ९७ लाख ५४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु २३ लाख ९ हजार , प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड ३ लाख २८ हजार ,नियमित गर्नुपर्ने रु २६ लाख १७ हजार ,पेश्की बाँकी रु ४५ लाख रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।१।२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्यौट नभइ कायम व्यहोरा अन्तिम प्रतिवेदन पाना ३१(एकतिस)यसै साथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।


हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाँउ कार्यकारिणी, अध्यक्षज्यू र प्रमुख प्रशासकिय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।



**ऐरावती गाउँपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७६/७७**

**परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । ५ नं. प्रदेशमा अवस्थित यस ऐरावती गाउँपालिका अन्र्तगत ६ वडा, ३४ सभा सदस्य रहेका छन् । यस कार्यालयको कार्यक्षेत्र ऐरावती गाउँपालिका भित्र रहेको छ ।

**स्थानीय संचितकोषः** आर्थिक वर्ष २०७६।७७ को स्थानिय संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।
छ।

| सि. नं. | आय तर्फ | | | सि. नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ६२८३७५२३.४४ | १ | **चालु खर्च** | २१७८००५६९.१० | २१७८००५६९.१० |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | ८०१९९८८२.०० | ८०१९९८८२.०० |
| | ख) बैंक | ६२८३७५२३.४४ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **५९८०२९३७.९७** | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ३८६५७९९.६७ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ५५२७०७३४.३० | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | ६६६४०४.०० | | ४ | लगानी | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | |
| | क) वित्तीय समानीकरण अनुदान | ९००००००० | **२४६१५९०००.००** | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १५६१५९०००.०० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ०.०० | | ५ | **धरौटी फिर्ता** | १०६२६५७.०० | १०६२६५७.०० |
| | घ) विशेष अनुदान | ०.०० | | ६ | **कोष खर्च** | १४९२७११५.०० | १४९२७११५.०० |
| | | | | ७ | **अन्तर सरकारी** | ५४९६८८००.०० | ५४९६८८००.०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **३२५८७०००.००** | ७.क | **फिर्ता अन्तर सरकारी** | ९४२००.०० | ९४२००.०० |
| | क) वित्तीय समानीकरण अनुदान | ४१३७०००.०० | | ८ | **फिर्ता** | | **३०५४०६३२.००** |
| | ख) सशर्त अनुदान | ९००००००.०० | | ८.क | **संघिय सरकार** | १९२९१२१३.०० | |
| | ग) समपूरक अनुदान | ११२५००००.०० | | ८.ख | **प्रदेश सरकार** | ११२४९४१९.०० | |
| | घ) विशेष अनुदान | ८२०००००.०० | | | **पूजिगत खर्च** | | |
| | ङ) कोभिड विशेष | ०.०० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | अन्तर सरकारी | ५५०६३०००.०० | **५५०६३०००.००** | | **संचित कोष** | ७२३८०३७८.३१ | **७२३८०३७८.३१** |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | **६७४१६५७.९०** | ८ | **वित्तीय व्यवस्था खर्च** | | **६७४१६५७.९०** |
| ६.क | स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम | २४८४४७३.०० | | ८.क | स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम | २४८४४७३.०० | |
| ६.ख | प्रदेश तथा स्थानिय तह क्षमता बिकास कार्यक्रम | ३६०९०७.५० | | ८.ख | प्रदेश तथा स्थानिय तह क्षमता बिकास कार्यक्रम | ३६०९०७.५० | |
| ६.ग | राष्ट्रिय परिचय तथा पंजिकरण बिभाग चालु/पुंजिगत | ७४३०२१.४० | | ८.ग | राष्ट्रिय परिचय तथा पंजिकरण बिभाग चालु/पुंजिगत | ७४३०२१.४० | |
| ६.घ | कृषि उत्पादन खाद्य तथा पोषण कार्यक्रम | ३१५३२५६.०० | | ८.घ | कृषि उत्पादन खाद्य तथा पोषण कार्यक्रम | ३१५३२५६.०० | |
| ७ | बिभिन्न कोषतर्फको आय (प्रकोप कोष ) | १६१०१३२६.०० | १६१०१३२६.०० | ९ | मर्मत सम्भार कोष | ०.०० | ०.०० |
| ८ | कर्मचारी कल्याणकारी कोष | | ३०००००.०० | १० | विपद व्यवस्थापन | ११७४२११.०० | ११७४२११.०० |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | ०.०० | ०.०० | ११ | कर्मचारी कल्याण कोष | ८०००००.०० | ८०००००.०० |
| १० | धरौंटी आय | २९२५६८८.०० | २९२५६८८.०० | १२ | धरौटी | १८६३०३१.०० | १८६३०३१.०० |
| ११ | लगानीको साँवा फिर्ता | ०.०० | ०.०० | | | | |
| १२ | अन्य विविध आय (धरौटी खातामा रहनुपर्ने रकम ) | ३५०००.०० | ३५०००.०० | | | | |
| | **जम्मा** | | **४८२५५३१३३.३१** | | **जम्मा** | | **४८२५५३१३३.३१** |

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा गाउपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात रु ७२३४५३७८।३१ र श्रेस्ताको मौज्दात रु ७२३८०३७८।३१ देखीएकोले फरक रु ३५०००।०१ एकीन हुनु पर्ने रु<br>• लेखापरीक्षणका क्रममा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तह को पेश्की यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | ३५०००.०१ |
| २. | **बैक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेकोले उक्त फरक रकम रु ३५०००।०१ एकिन हुनुपर्दछ। | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको नदेखीएकोले स्वीकृत कार्यक्रम हरु तोकीएकै चौमासिक र स्विकृत वजेटको सिमा भित्र संचालन भए नभएको सम्वन्धमा स्पष्ट हुन सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार | |

गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता , भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।
- अधिकांश सडक तथा कुलो /नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरुलाई अनिवार्य गर्नुपर्दछ ।
- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ मा जुनसुकै निर्माणकार्य मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्वन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त योजना तयार गरेको देखीएन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री को मूल्य , ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र

| | | |
|---|---|---|
| | कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारीत गराएर मात्र तलव भत्ता भुक्तानि गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिबेदन पारीतका लागी सम्वन्धिलत कोष तथा लेखा नियन्त्रक कार्यालयमा लेखी पठाएकोमा उक्त कार्यालय द्धारा पारीत भइ नआइएकोले तलवी प्रतिवेदन पारीत वेगर पालिकाले यस वर्ष उक्त शिर्षकमा ९४५५७६१।०० खर्च लेखेको पाइयो ।<br>• पालिकाबाट सञ्चालित सवै कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने गरेको छैन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्रावि जना धिक तथा प्रशासनिक समेत जम्मा कर्मचारीको ३१ जनाको दरबन्दी रहेकोमा २१ जना पूर्ति भइ १० दरबन्दी रिक्त रहेको पाईयो।<br>• पालिका द्धारा सञ्चालित विकास निर्माण सम्वन्धी योजनाहरुको स्थलगत अवलोकन नगरिएकोले कार्यान्वियन भएका योजनाको वास्तविक अवस्थाको सम्वन्धमा एकिन हुन सकिएन ।<br>• पालिकाले आफ्नो सवै आर्थिक कारोवार समावेश हुने गरी एकीकृत वार्षिक आय व्ययको विवरण तयार गर्नु पर्नेमा उक्त विवरण तयार गरेको नपाइएकोले पालिकाको यथार्थ आय व्ययको एकिन गर्न सकीएन ।<br>• पालिका द्धारा इन्धन खर्चमा यस वर्ष रु ५८५४४७।०० र मेशिनरी औजार मर्मत मा रु ६१९०६६।००।०० खर्च लेखेको छ । इन्धन खर्चको प्रयोजन देखिने गरि लगवुक राखेको देखिएन र मर्मत अभिलेख खाता समेत राखेको नदेखीएकोले उक्त अभिलेख राखी खर्च लाइ मितव्ययी र व्यवस्थित गर्नु पर्ने देखिन्छ ।<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति , दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य | |

| | | |
|---|---|---|
| | फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| | **बजेट तथा कार्यक्रम** | |
| ५. | **बजेट पेश , पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन् २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तह का प्रमुखले २०७७।३।१० मा रु.४३ करोड २२ लाख ५१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७ | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम , अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उक्त समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८ | पालिकाले यस आर्थिक वर्षको लागि रु. ४३ करोड २२ लाख ५१ हजार बजेट पेश गरेको छ । बजेटको संचना अनुसार रु. २१ करोड ७८ लाख चालु खर्च र ८ करोड १ लाख ९९ हजार पूंजिगत खर्च भएको आर्थिक विवरण पेश भएको छ । चालु कार्यक्रम तर्फका विषयगत शाखा, कृषि, स्वास्थ्य शिक्षा, महिला विकास र लक्षित वर्गका कार्यक्रम समेत पूजीगत शीषार्कबाट खर्च भएको छ । पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नु पर्नेमा चालु प्रकृतिका खर्चलाई पूँजीगत शीर्षकमा समावेश गरेको छ । सुत्रमा प्रविष्टी गर्दा एक मुष्ट रुपमा पूजीगत शीर्षक मा प्रविष्टी भएको कारण चालु र पूँजीगत खर्चको यथार्थ संरचना बजेटले प्रस्तुत गर्न नसकेको कार्यालयको भनाइ रहेको छ । | |
| ९. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा | |

| | | |
|---|---|---|
| | गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १०. | **नीति तथा मार्गदर्शनः** पालिकाको आ.व. २०७६।०७७ को नीति तथा मार्गदर्शन २०७६ असारमा छैठौ नगरसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरु मध्ये कतिपय व्यहोराहरु यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । नगर सभामा प्रस्तु त नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरुको कार्यान्यिनको लागि पालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरु कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्ः<br>• भू-उपयोग नीति बनाई कृषि, खानी, जडिबुटी, व्यापारिक, बस्ती आदी क्षेत्रको बर्गिकरण गरी भूमिको बैज्ञानिक व्यवस्थापन गर्ने,<br>• सार्वजनिक जग्गाको एकिन गरी छुट्टाईने,<br>• सार्वजनिक स्थानको अभिलेखिकरण र संरक्षण गर्ने,<br>• कृषि उत्पादन बृद्धिको लागि प्रत्येक वडामा नै माटो परीक्षण गर्ने<br>• पर्यटन प्रवद्धर्धन तथा विकासको लागि पर्यटन गुरुयोजना निर्माण गर्ने,<br>• गाउपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान गरी विकासमा जोड दिने,<br>• Eco-Tourism को अवधारणालाई आत्मसात् गर्दै पर्यावरण हराभरा बनाउँदै भू -क्षय तथा जथाभावी माटो खन्ने तथा ओसारपसार माथि नियमन गर्ने<br>• गाउपालिका भित्र कम्तिमा एउटा प्राविधिक शिक्षालय स्थापनाको लागि पहल गर्ने,<br>• "महिनाको एक दिन श्रम "को अवधारणा अनुसार प्रत्येक महिनाको तोकिएको निश्चित दिनमा सबै शिक्षक, कर्मचारी तथा जनप्रतिनिधीले सार्वजनिक हित जस्तैः सरसफाई , बृक्षारोपण, निर्माण आदि जस्ता सार्वजनिक कार्यक्रमहरुमा अनिवार्यरुपमा श्रम गर्नुपर्ने नीति अवलम्बन गर्ने,<br>• गाउपालिका भित्रका सम्पूर्ण सरकारी,अर्धसरकारी वा निजी भवनहरुको लागि Color Code लागु गर्ने<br>• समग्र विकासको लागि विज्ञहरुको समूह Think Tank को अवधारणा ल्याउने । | |
| ११. | **योजनाहरू कार्यान्वयन नभएकोः** स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी आषाढ मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ को लागि रू. २९ करोड २९ लाख १४ हजार बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल १५५ वटा आयोजना मध्ये यस वर्ष का १२ वटा कार्यक्रम हरु कटौती गरि कार्यपालिकाको को निर्णय अनुसार रु ११७०००००।०० प्रकोप व्यवस्थापन कोषमा ट्रान्सफर गरेको पाइयो तर कटौती भएका उक्त कार्यक्रमहरुको विवरण पेश हुन आएन ।<br>कार्यालयको भनाइः कोभिड १९ महामारीको कारण उपरोक्त योजनाहरू कार्यान्वयन गर्न नसकिएको कार्यालयको भनाइ रहेको छ । | |
| १२. | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

रु हजारमा

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | ७७७२४ | ५९४१ | ११९८६ | ६०६९७ | ५५६२७ |
| प्रतिशत | | ७ | १४ | ७९ | ७१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ७ करोड ७७ लाख २४ हजार पूजिगत खर्च न भएकोमा प्रथम चौमासिकमा रु. ५९ लाख ४१ हजार अर्थात ७ प्रतिशत, दोश्रो चौमासिकमा रु. १ करोड ११ लाख ८६ हजार अर्थात १४ प्रतिशत र तेश्रो चौमासिकमा रु. ६ करोड ६ लाख ९७ हजार अर्थात ७९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी तेस्रो चौमासिकमा कुल खर्चको ७९ प्रतिशत र आषाढ महिनामा मात्र ७१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । यसरी आर्थिक वर्षको अन्तयमा खर्चको चाप वढ्नाले कामको गुणस्तरमा कमी आउने सक्ने , जनताले समयमै सेवा पाउने अवसर वाट वञ्चिरत हुन सक्ने र आर्थिक अनियमितता समेत हुन सक्ने जोखिम रहने हुदा स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१३. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत , समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २५२३२००० | १८३७२१९६ | ६.२७ |
| २ | पूर्वाधार विकास | ८११९४००० | ५२९७२५५७ | १८.०८ |
| ३ | सामाजिक विकास | २६७८६९३०२ | १८३५११२२२ | ६२.६५ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ६७४३००० | ३६५४९२५ | १.२५ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ५१२१३३५९ | ३४४०३४६६।६ | ११.७५ |
| | **जम्मा** | **४३२२५१६६१** | **२९२९१४३६६।६०** | **१००** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ६३ प्रतिशत र सस्थागत सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी १.२५ प्रतिशत रहेको छ ।

१४. **खर्च बिश्लेषणः** गाउपालिकाले गत वर्षको अल्या रु ६२८३७५२३।४४ र यसबर्षको कुल आन्तरिक आयबाट रु. ३८६५७९९।६७ राजस्व बाँडफाँड र अनुदानबाट समेत जम्मा रु ४८२५५३१३३।३१ आम्दानी भएकोमा चालु तर्फ रु. २१५१९०१५१।६० र पूँजिगत तर्फ रु ७७७२४२१५।० समेत जम्मा रु २९२९१४३६६।६०खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १।३१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू ६०७०९५३।०० खर्च भएको छ ।जुन आन्तरिक आयको १५७।०४

| | | |
|---|---|---|
| | प्रतिशतले वढि रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४ प्रतिशत चालु र ३६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| १५. | **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।गाउपालिकाले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष सञ्चालित विभिन्न कार्यक्रमको प्रगति निम्न अनुसार छ । | |

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | ३४१ | १२ | ४ | ३ | ० |

उल्लेखित विवरण अनुसार कूल ३४१ कार्यक्रम मध्ये शून्य प्रतिशत प्रगति भएका १२, पचास प्रतिशत सम्म १९ लगायत अधिकाश कार्यक्रमको प्रगति न्यून रहेकोले आवश्यकता र प्राथमिकताको आधारमा कार्यक्रमको छनौट गरी शतप्रतिशत प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| | | |
|---|---|---|
| १६. | **ठेक्का व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने , ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट १५ वटा ठेक्का सम्झौता गरेकोमा प्रथम चौमासिकमा १ दोस्रो चौमासिकमा ५ वटा र तेश्रो चौमासिकमा ९ वटा ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी अन्तिम चौमासिकमा मात्र ठेक्का सम्झौता गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको व्यवस्थाको पालना हुनु पर्दछ । | |
| १७. | **ठेक्काको विवरण-** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने , हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था , काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ । | |
| १८. | **उपभोक्ता समिति र ठेक्का मार्फत भएको निर्माण कार्यको अवस्था :** पालिकाले उपलब्ध गराएको बिबरण अनुसार यस वर्ष संचालित योजनाहरुमा कुलखर्च रु. ७७७२४२१५ भएकोमा उपभोक्ता समिति मार्फत रु ४९९४८२१५।०० अर्थात ६५ % र ठेक्का मार्फत रु २७७७६०००।०० अर्थात ३५% खर्च भएको देखिन्छ । उपभोक्ता समिति मार्फत भएका कामहरु लागत अनुमानकै हाराहारीमा भएको, गुणस्तर परिक्षण गर्ने नगरेको र कतिपय कामहरु इन्जिनियरीङ सिप र दक्षता आबश्यक पर्ने देखिन्छ।<br>उपभोक्ता समिति मार्फतका कामहरुमा प्रतिष्पर्धा नहुने र सरकारी खर्चमा मितव्ययिता समेत नहुने हुदा पालिकाले उपभोक्ता समिति मार्फतका कार्यमा न्यूनीकरण गर्दै ठेक्का व्यवस्थापन मार्फत काम गर्न ध्यान दिनुपर्ने देखिन्छ। | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १९. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम | |

| | | |
|---|---|---|
| | स्थानीय तहको कार्यबोझ , राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २१ जना पदपूर्ती भइ जम्मा १० पदहरु रिक्त रहेका छन् । रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २०. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ६७ जना कर्मचारीहरु करारमा राखि रु ८८४१००७।५० खर्च लेखेको छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३ (८) वमोजिम पालिकाले नगर प्रहरी , सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचेलगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पदमा ६७ जना कर्मचारी भर्ना गरेतापनि उक्त पदहरुको स्विकृत दरवन्दि विवरण पेश हुन नआएकोले सोको आवश्यकता सम्वन्धमा एकीन हुन सकीएन । | |
| २१. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष उक्त कोषमा रु ५ लाख ट्रान्सफर गरेको छ । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । ऐनको व्यवस्था बमोजिम योगदानमा आधारित अवकास सुविधा सम्वन्धी कानून तर्जुमा गरी लागू गर्न आवश्यक देखिन्छ । | |
| २२. | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।<br>(क) स्थानीय तहले यस वर्ष प्रोत्साहान भत्ता वापत खर्च लेखेको देखिएन ।<br>(ख) जोखिम भत्ता वापत विभिन्न स्वास्थ्य सेवा तर्फका कर्मचारीहरु लाइ रू. १११७५१९।०० खर्च गरेको देखिएको छ । | |
| २३. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति , कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| | | |
|---|---|---|
| २४. | **वडा सचिवको पदपूर्तिः** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नु पर्दछ । | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | ५ | १ |

| | | |
|---|---|---|
| २५. | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम , निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार गाउपालिकाले हाल सम्म ८ वटा ऐन, ३ वटा नियमावली र ८ बटा कार्यबिधि समेत जम्मा १९ वटा कानून निर्माण तथा स्वीकृत गरी राजपत्रमा समेत प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ७९१ |
| मुत्युदर्ता | १७१ |
| बसाईसराई दर्ता | २६१ |
| विवाह दर्ता | २०० |
| सम्बन्धविच्छेद दर्ता | २ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ४ |
| कच्ची सडक मर्मत | ६० |

| | | |
|---|---|---|
| | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |
| २६. | **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक , उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ३८ | ४८ | ३५ | १५ | २६ | १६२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि १० लाख सम्मका जम्मा १६२ वटा योजना

| | | |
|---|---|---|
| | संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ३८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने , संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर समेत पर्न सक्ने हुदा यस तर्फ ध्यान दिनु पर्दछ । | |
| | **कानून निर्माण एवं कार्यान्वयन** | |
| २७. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ३ वटा नियमावली, ८ कार्यविधि/ निर्देशिका लगायत १९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले १९ वटा कानूनहरु निर्माण गरी सभा / कार्यपालिकाबाट स्वीकृत समेत गराइ राजपत्रमा प्रकाशन गरेको छ । | |
| २८. | **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन , नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । नगरपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी , जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । गाउपालिकाले कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।<br>पालिकाले कृषि औजार साना, सिंचाइ तथा सहकारी खेती, फलफुल विरुवा र तरकारी विउ लगायतका सामग्री वितरण तथा फलफुल नर्सरी अनुदान लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरुलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनौट र वितरण सम्वन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा पालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ । | |
| २९. | **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फ छ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १८ र यो बर्ष थप भएको १० गरी कुल २८ विवाद दर्ता भएकोमा ० वटा फछ्र्यौट भई २८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ३०. | **आन्तरिक लेखापरीक्षण-** स्थानीय तह संचालन ऐन , २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्य दक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ। | |
| ३१. | **आन्तरिक लेखापरीक्षण शाखाः** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार , आन्तरिक जाच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्ने व्यवस्था रहेको मा पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको छैन । | |
| | **पदाधिकारी सुविधा** | |

| | | |
|---|---|---|
| ३२. | **पदाधिकारी पारीश्रमिक** - लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन् २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार लुम्बिनी प्रदेश सरकारले प्रथम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क) ,१(ख),१(ग) मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिंदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा २०७६ श्रावण देखि असोज सम्मको निम्नानुसार रु १०२६४५३।०० खर्च लेखेको देखिन्छ ।<br><br>साथै उक्त ऐनको दफा १५ मा भएको व्यवस्था वमोजीम उक्त सुविधाहरुको विवरण तिन तिन महिनामा सम्वन्धित स्थानिय तहले सार्वजनिक समेत गर्न पर्ने व्यवस्था रहेकोमा सार्वजनिक गरेको पाइएन । | |
| ३३. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन , २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस वर्ष देहाय बमोजिम रु.५०४४५००।०० सुविधा वापत भुक्तानी भएको छ।<br>स्थानिय पदाधिकारी तथा सदस्य हरुको सुविधा सम्वन्धी ऐन २०७७ मा व्यवस्था भए अनुसार यस गाउँपालिकाका जनप्रतिनिधी हरुले माथी उल्लेखीत सुविधाहरु कात्तिक महिना देखी लिएको देखीन्छ । तर उक्त ऐन २०७७/३/८ मा मात्र निर्माण भइ कार्यान्वयनमा आएकोले कानून निर्माण हुनु पूर्व लिएको उक्त सुविधा अनियमित देखीन्छ । | |
| ३४. | **स्वकीय सचिव र सल्लाहकार** - लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन , २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । गाउपालिका द्धारा स्वकिय सचिव र सल्लाहकार नियुक्त गरी यस वर्ष रु २५७६००।०० भुक्तानि गरेको नियमसम्मत देखिएन । | २५७६००.०० |
| ३५. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु ९८३६३०।०० खर्च गरेको छ । यस्ता खर्च नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| ३६. | **आर्थिक सहायता–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु २८००००।०० आर्थिक सहायता वितरण गरेको छ। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |
| | **अनुदान फिर्ता, वितरण र उपयोग** | |

३७. **अनुदान फिर्ता**– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने शसर्त समपुरक र विशेष अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । २०७७ असार मसान्तमा सबै अनुदान खर्च नभई बाँकी रहेको रकम संघीय सरकार तर्फ मिति २०७७।४।२९ रू. १९२९१२१३।०० र प्रदेश सरकार तर्फ मिति २०७७।४।२९ मा रु ११२४९४१९।०० फिर्ता गरेको छ ।

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १५७१५७०००.०० | १३७८६५७८७ | १९२९१२१३ |
| | विषेश | ० | ० | ० |
| | समपुरक | ० | ० | ० |
| | अन्य | ० | ० | ० |
| | **जम्मा** | **१५७१५७०००** | १३७८६५७८७ | १९२९१२१३ |
| **प्रदेश सरकार** | शसर्त | ९०००००० | ३६४४११५ | ५३५५८८५ |
| | विषेश | ८२००००० | ८५५६४६६ | -३५६४६६ |
| | समपुरक | ११२५०००० | ५०००००० | ६२५०००० |
| | अन्य | ० | ० | ० |
| | **जम्मा** | २८४५०००० | १७२००५८१ | ११२४९४१९ |
| **कूल जम्मा** | | १८५६०७०००.०० | १५५०६६३६८ | ३०५४०६३२.००।०० |

साथै पालिकामा प्रदेश सरकार वाट प्राप्त विशेष अनुदान रु ८२ लाख रहेकोमा उक्त शिर्षकमा रु ८५५६४६६।०० खर्च भएको देखिएकोले विनियोजन भन्दा बढी खर्च भएको रु ३५६४६६।०० नियमसंम्मत देखिएन । ३५६४६६.००

३८. **वितरणमुखी कार्यक्रम** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यस गाउपालिकाको आ व २०७६।७७ को पुँजीगत बजेट शीर्षकबाट विभिन्न पर्व तथा दिवस, महोत्सव ,जेष्ठ नागरीक सम्मान,आर्थिक सहायता, सास्कृतिक लगायतका कार्यक्रममा रु ३७५०००।०० खर्च गरको पाइयो । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

३९. **बार्षिक खरिद योजना/गुरुयोजना** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने , नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ८ करोड १ लाख ९९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४०. **सवारी साधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी

निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष सवारी साधान खरीद गरेको देखिएन ।

**कर दस्तुर एवं आन्तरिक आय**

४१. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापतको आम्दानि ४० लाख प्रक्षेपण गरेको मा तर आर्थिक वर्ष २०७६।७७ मा रु ३८६५७९९।६७ आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४२. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९२९१४३६६।६० | ३८६५७९९।६७ | १.३१ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा प्रतिशत १.३१ मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४३. **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर घरजग्गा कर , घरजग्गा वहाल कर, व्यवसाय कर वहाल विरौटी शुल्क लगायतका कर तथा शुल्क असुल गर्न सक्ने व्यवस्था रहेको छ ।पालिकाले उक्त ऐन अनुसार यस वर्षको आन्तरीक आय रु ४० लाख एकमुष्ठ अनुमान गरी असुली गरेको स्थितिले वास्तविक आयको अनुमान र सो अनुसारको प्रगति प्रतिशत एकीन गर्न सकिएन । आय असुलीको स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर | | ८२५९९१ | |
| घर जग्गा बहाल कर | | ९०११५६ | |
| बहाल बिटौरी कर | | ८७६४ | |
| व्यवसाय कर | | ४३१०२९ | |
| अन्य दस्तुर | | १०९८८५९ | |
| **जम्मा** | **४००००००** | ३८६५७९९.०० | |

पालिका आफ्नो क्षेत्र भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित न गरेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

४४. **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र

| | | |
|---|---|---|
| | ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको देखिन्छ । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) ३ थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको छ। तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मा पदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था देखियो । पालिकाले यस वर्ष उक्त कर वापत रु १३०१०००।०० आम्दानि गरेकोमा विभाज्य कोषमा नपठाइ आफ्नै सञ्चित कोष मा दाखिला गरेको छ ।स्पष्ट कानूनी व्यवस्था गरी सो करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | |
| ४५. | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिका र वडा कार्यालयमा प्र योग गरेका रसिद ठेली हरु के कति छपाइ एव प्रयोग भए सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी रसिद ठेलिहरु के कति प्रयोग भएका एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यस सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने तर्फ विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| ४६. | **राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडा र पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालय वाट प्राप्त गरेको आन्तरिक राजश्वको असुली एंव दाखिलाको विवरण लेखापरीक्षणमा माग गर्दा पेश हुन आएन यस सम्वन्धमा सम्वन्धित व्यक्तिलाइ जिम्मेवार वनाइ आन्तरीक आय रकमलाइ नियमावलीको व्यवस्था अनुसार समयमै बैकमा दाखिला गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ । | |
| ४७. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ३५४६३२।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छै न । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक | |

| | | |
|---|---|---|
| | अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| | **कृषी तर्फ :** | |
| ४८. | **अनुदानको अनुगमन**- सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ । पालिकाले कृर्षि तर्फ साना सिंचाइ कार्यक्रमका लागी ५ समुहलाइ रु ५ लाख र कोभिड विशेष कार्यक्रम (कर्षि र पशु तर्फ) तर्फ कार्यक्रम व्यवस्थापन समिति को २०७७।३।२५ को निर्णय अनुसार विभिन्न १५३ जना लाइ रु ३१०५९५६।०० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ , प्रदेश तथा स्थानीयतहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार भएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ । | |
| | **उपभोक्ता समिति मार्फत कार्य** | |
| ४९. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ न र्म्रा अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्कहरु उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ न र्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ५०. | **लागत सहभागिता–** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भए पछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नु पर्दछ । तर पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्दछ। | |
| ५१. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम मा (९) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माणकार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| ५२. | **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने , श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सडक निर्माण , सडक मर्मत ,खानेपानि योजना,सिचाइ योजना लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता | |

कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फ त गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गो भौ न | कामको विवरण | भुक्तानि रकम | उपभोक्ता समिति |
|---|---|---|---|
| २६.०७७.२.२९ | डम्फु खोला सिचाइ योजना | ८६४०००.०० | उ स |
| २७.०७७.२.३२ | सभाहल निर्माण | ४८००००.०० | उ स |
| ३७.०७७.३.०६ | कटौजे सिमलचौर सिचाइ कूलो निर्माण | ४८२२००.०० | उ स |
| ९३.०७७.३.२४ | छाप तारजाली निर्माण | ७२१५००.०० | उ स |
| ९४.०७७.३.२४ | हर्नाघाट सिचाइ पोखरी निर्माण | ५७५५००.०० | उ स |
| **जम्मा** | | **३१२३२००.००** | |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

५३. **सम्झौता अनुसार कार्य नभएको -** उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नु पर्दछ । तर पालिका र उपभोक्ता समितिहरु बीच रु ५६१००००।०० को कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष रु ४९५५०००।०० को मात्रा कार्य भएको पाईयो । सालबसाली रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको साथै आ.व. २०७७।७८ मा समेत उक्त योजनामा बजेट विनियोजन भएको पाईएन । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नु पर्ने देखिन्छ ।

**रु हजारमा**

| **सि न** | **कामको विवरण** | **सम्झौता रकम** | **कार्य सम्पन्न रकम** |
|---|---|---|---|
| १ | खवाङ लिफ्ट खा पा यो | ७१० | ६५८ |
| २ | वाल किरण प्रा वि शौचालय निर्माण | ५०० | ४३० |
| ३ | कैरन गोल्जा देउरालि मोटर वाटो | ५०० | ४३० |
| ४ | आकाशे पानि घैटो संकलन | २५०० | २१८८ |
| ५ | नुनथला वाहुन टोल मोटर वाटो | १०० | १९ |
| ६ | डम्फू खोला सिचाइ योजना | ९०० | ९०० |
| ७ | कमीरे भ्यूटावर  निर्माण | १०० | ९१ |
| ८ | पल्लावारी ठुला वगर कृषि सडक निर्माण | ३०० | २३९ |
| | **जम्मा** | **५६१०** | **४९५५** |

५४. **सव कन्ट्याक्टरबाट काम गराएको**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले निम्नानुसारको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति , जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ परीक्षण गरीएका मध्ये केही उदाहरण निम्नानुसार छन ।

| **गौ भौ न मिति** | **उ स र काम** | **निर्माण व्यवसायी** | **खर्च रकम** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १०९.०७७.३.२६ | वडा न ६वाटो मर्मत | पझा कन्स्ट्क्सन | ४७५२५५.०० |
| १३६.०७७.३.३१ | डावर अमिली मोटर वाटो विस्तार | सन्तोषी कन्स्ट्क्सन | १०३९५५९.०० |
| १४३.०७७.३१ | दाङवाङ मोटर वाटो निर्माण | सन्तोषी कन्स्ट्कसन | २९१४५२६.०० |
| १४६.०७७.०३.३१ | वडा न २ मोटरवाटो निर्माण | रमण निर्माण सेवा | ६१३५८४.०० |
| | | **जम्मा** | ५०४२९२४.०० |

**सशर्त कार्यक्रमतर्फ**

५५. **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

### फाराम – १६ शिक्षक दरबन्दी र पदपूर्ति विवरण

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरवन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | जनता मा.वि., बिजुली | १२ | १० | २ | २ |
| २ | महेन्द्र उ.मा.वि. सराङवेसी | १५ | १० | ५ | ५ |
| ३ | धर्मोदय मा.वि., जाबुने, पकला | १० | ५ | ५ | ५ |
| ४ | दाङवाङ मा.वि., दाङवाङ | १२ | ४ | ८ | ८ |
| ५ | मोती उ.मा.वि., बरौला | १७ | १० | ७ | ७ |
| ६ | पद्मोदय मा.वि. धुवाङ | ९ | ७ | २ | २ |
| ७ | बालसुधार प्रा.वि. खबाङ रस्पुरकोट | ३ | ३ | ० | ० |
| ८ | बालसुधार घनमिना प्रा.वि. रस्पुरकोट | ३ | २ | १ | १ |
| ९ | जनकल्याण नि.मा.वि. हर्नाघाट | ५ | ३ | २ | २ |
| १० | समाजकल्याण प्रा.वि. तिल्केनी धुवाङ | ३ | २ | १ | १ |
| ११ | पाटेश्वरी प्रा.वि. पकला | ३ | ३ | ० | ० |
| १२ | भुवनेश्वरी नि.मा.वि. पकला | ५ | ३ | २ | २ |
| १३ | रत्नेश्वरी प्रा.वि., बरौला | ३ | ३ | ० | ० |
| १४ | बालशिक्षा नि.मा.वि. मान्द्रे | ५ | ३ | २ | २ |
| १५ | बालकिरण प्रा.वि. सल्लीकोट | ३ | ३ | ० | ० |
| १६ | जनकल्याण नि.मा.वि., रानीवास, बरौला | ७ | ६ | १ | १ |
| १७ | शान्ति प्रा.वि., बिजुली | ३ | २ | १ | १ |
| १८ | बालकिरण प्रा.वि. कोल्बोट | ३ | ३ | ० | ० |
| १९ | गणेश प्रा.वि.पकला | ३ | २ | १ | १ |
| २० | युवावर्ष प्रा.वि बरौला | ३ | २ | १ | १ |
| २१ | पालुसिद्धि प्रा.वि. सिर्सेनी | ३ | १ | २ | २ |
| २२ | पोखराचौर प्रा.वि. बिजुली | ३ | १ | २ | २ |
| २३ | पालुसिद्ध प्रा.वि. अमिली | ३ | १ | २ | २ |
| २४ | बालविकास प्रा.वि. दारिम्पाटा पकला | ३ | १ | २ | २ |
| २५ | सरस्वती प्रा.वि. बरौला | ३ | १ | २ | २ |
| २६ | जनप्रिय प्रा.वि.हात्तिपाइला बिजुली | ४ | ३ | १ | १ |
| २७ | अमरज्योति प्रा.वि. रस्पुरकोट | ३ | १ | २ | २ |
| २८ | ऐरावती प्रा.वि. बरौला | २ | १ | १ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | माण्डवी प्रा.वि. बरौला | २ | १ | १ | १ |
| ३० | शिशुकल्याण आ.वि. पकला | ४ | २ | २ | २ |
| ३१ | भगवती प्रा.वि. बिजुली | २ | २ | ० | ० |
| ३२ | बालशिक्षा प्रा.वि. धुवाङ | २ | २ | ० | ० |
| ३३ | जनता प्रा.वि. दाङवाङ | ३ | १ | २ | २ |
| ३४ | सूर्यमुखी प्रा.वि., बरौला | ३ | १ | २ | २ |
| ३५ | जनप्रिय प्रा.वि., बासडांडा | २ | १ | १ | १ |
| ३६ | धुव्र प्रा.वि.ओखारी | १ | ० | १ | १ |
| ३७ | बालकल्याण प्रा.वि., बेल्बोट | १ | ० | १ | १ |
| ३८ | नेत्रज्योति प्रा.वि. पकला | १ | ० | १ | १ |
| ३९ | जनप्रिय प्रा.वि., दाङवाङ | १ | ० | १ | १ |
| ४० | धर्मावती बाल विकास केन्द्र दाङवाङ | ० | ० | ० | ० |
| ४१ | नवप्रतिभा प्रा.वि. हारवूङ | ० | ० | ० | ० |
| ४२ | धर्मावती सामूदायिक सिकाई केन्द्र, बरौला | ० | ० | ० | ० |
| ४३ | स्वर्गद्धवारी सामूदायिक सिकाई केन्द्र, जाबूने | ० | ० | ० | ० |
| | **जम्मा** | **१७३** | **१०६** | **६७** | **६७** |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

५६. **विद्यालयगत निकासा खाताः** अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । गाउपालिकाले आफु मातहत संचालनमा रहेका आधारभुत तथा माध्यमिक तहका बिद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब भत्ताको चौमासिक निकासा अभिलेख, अवकाश प्राप्त शिक्षकहरुको बिवरण र तोकिएको ढाँचामा विद्यालयगत निकासा खाता लगायतका अभिलेख राखेको नदेखीएकोले उक्त अभिलेखहरु तोकीएको ढाँचामा ब्यवस्थित गरी राखु पर्दछ ।

५७. **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गतविगत देखिनै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु ४०६६४००।०० तलब भत्ता भुक्तानी गरेको पाईयो ।

५८. **कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको**- नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकासकेन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनु पर्ने कानूनी व्यवस्था छ । पालिकाले यस वर्ष पाठ्यपुस्तकतर्फ रु ३३२२८६२।३।०० छात्रवृत्तीतर्फ रु १२०९३००।०० दिवा खाजा तर्फ रु ७७८८७२०।०० अनुदान निकासा दिएकोमा निज विधालयहरुले प्राप्त गरेको अनुदान रकमको विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन सलग्न नहुदा तोकीएको शीर्षकमा खर्च भयो भएन एकिन गर्न सकिएन ।

विधालयहरुले सम्वन्नधित छात्र छात्राहरुलाइ कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार उक्त अनुदान वितरण गरे नगरेको सम्वन्धमा पालिका द्धारा प्रभावकारी अनुगमन हुनुपर्दछ ।

५९. **विधालय भौतिक पूर्वाधार निर्माण अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप न ११.१.२.१. मा स्थानिय तह अन्तर्गत विधालयमा हुने भौतिक निर्माणका कार्यहरु

| | | |
|---|---|---|
| | स्थानिय तहले आफ्ना प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्य सम्पादन प्रतिवेदन तयार गराउने साथै अनुसूची ५ मा भएको चेकलिष्ट अनुसारको सामाजिक तथा वातावरणीय लेखाजोखा गराउने भन्ने व्यवस्था रहेको छ । पालीकाले यस वर्ष विधालय भौतिक पूर्वाधार निर्माण अनुदानका लागी विभिन्न ७ विधालयहरुलाइ रु १११९६८३१।०० रकम उपलव्ध गराएकोमा सो को सम्पन्न सम्वन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ । | |
| ६०. | **तलबी प्रतिवेदन र शिक्षक अभिलेखः-** कार्यालयले पालिका अन्तरगतका शिक्षकहरुको तलबी प्रतिवेदन हरेक वर्षको वैशाख महिना देखि पारित गराएर खर्च लेखु पर्ने र विद्यालयगत शिक्षकहरुको दरबन्दी, नियुक्ति, ग्रेडवृद्धि समेतको अभिलेख राखिएको हुनु पर्दछ । कार्यालयले २०७६/०७७ को तलबी प्रतिवेदन पारित गरि यस वर्ष रु ६९९०८०००।०० शिक्षकहरुको तलब भत्ता निकासा दिएको देखियो । | |
| ६१. | **स्वास्थ्य तर्फः** | |
| ६२. | **तलबी प्रतिवेदनः-** निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) २ अनुसार स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्नेमा उक्त प्रतिवेदन पारीत वेगर यस वर्ष रु १२७६४१८९।०० खर्च लेखेको देखिएकोले सो को तलव एव ग्रेड भिडान हुन सकेन । | |
| ६३. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । स्थानीय तहले यस वर्ष कूल औषधि रु १८८२५१८।०० औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br><br>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति , ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टो र दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने , तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६४. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न | |

| | | |
|---|---|---|
| | गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८९ जनालाई रोजगारी उपलव्ध गराई रु. ६९२३७०।०० खर्च गरेको छ । लक्षित वर्गलाई न्युनतम १२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ६५. | रोजगार कार्यक्रममा आवद्ध हुनको लागि २५२ जनाले निवेदन दिएकामा जम्मा ८९ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकाका ६ वडा मध्ये सबै वडामा यो कार्यक्रम संचालन भएको छ । सञ्चा लित कार्यक्रममा ८९ जनालाई दैनिक रु ६३० को दरले १०९९ दिन रो जगारी दिइ रु ६९२३७०।०० खर्च गरेको पाइयो । यसरी सञ्चािलित कार्यक्रमको नापी तथा मुल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन । | |
| | **समानीकरण पूँजिगततर्फ** | |
| ६६. | **कन्टिन्जेन्सी खर्चको अभिलेख** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम (ठेक्का वाट मात्र) बाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । गाउपालिकाले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु २३६९३६१।०० कट्टी गरेकोमा रु ११०६३३०।००।०० खर्च गरेको छ । यसरी खर्च गरेको रकमको योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नु पर्नेमा राख्ने गरेको पाइएन । | |
| ६७. | **कार्यसम्पादन जमानत घटी राखेको**ः सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (४) मा भएको व्यवस्था अनुसार वोलपत्रदाताले लागत अनुमानको १५ प्रतिशत भन्दा घटी वढेर कवोल गरेको अवस्थामा १५ प्रतिशतले भन्दा जति रकमले घटि कवोल गरेको छ सो को ५० प्रतिशतले हुन आउने रकम कवोल अंकको ५ प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत राख्नु पर्ने व्यवस्था छ ।गाँउपालिकाले आफ्नो कार्यालय भवन निर्माणका लागी रु ६९८४५५३।०० को लागत अनुमान तयार गरी गौतम निर्माण सेवा सग रु ५०४९५५९।१८ (२८प्रतिशत घटी )मा सम्झौता भएकोमा ऐनको व्यवस्था अनुसार रु ६९६१२४ ।९७ कार्यसम्पादन जमानत राख्नु पर्नेमा रु ५८००००।०० मात्र राखेको देखिएकोले घटी रु ११६१२४।९७ कार्यसम्पादन जमानत थप गर्नुपर्ने साथै उक्त जमानतको म्याद ०७७।२।२८ मा समाप्त भइ सकेकोले सो को समेत नियमानुसार म्याद थप हुनुपर्ने रु | ११६१२४.९७ |
| ६८. | **सम्झौता अनुसार कार्य शुरु नगरेको** : सार्वजनिक खरीद नियमावलि २०६४ को नियम १११ मा भएको व्यवस्था अनुसार सार्वजनिक निकायले खरीद सम्झौता कार्यान्वयन गर्दा कार्य योजना र कार्य तालिका तयार गर्ने , कार्यन्वयनको अनुगमन र गुणस्तर परीक्षण गर्ने लगायतको व्यवस्था रहेको छ ।पालिका द्धारा सञ्चालित झिमरुक विजुली लिफ्ट खानेपानि योजनाका निर्माण व्यवसायी जोशी /आशु / इशान जे भी सग ०७६।४।६ मा रु २५७५३३३६।३८ (मू अ कर समेत ) मा ०७७।३।१५ मा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा निम्नानुसार व्यहोरा देखीयो ।<br><br>(क) सार्वजनिक खरीद ऐन २०६३ को दफा ५२ (क) मा भएको व्यवस्था अनुसार स्वीकृत ठेक्का रकमको २० प्रतिशत मा नवढने गरी पेश्की दिन सकिने तर पहीलो पटक पेश्की दिदा | |

<table>
<tr><td></td><td>स्वीकृत पेश्की रकमको ५० प्रतिशत र त्यस पछी कार्य प्रगतिको विश्लेणको आधारमा वाकी ५० प्रतिशत दिन सकिने व्यवस्था रहेकोमा पालिकाले उक्त खानेपानि योजनाका निर्माण व्यवसायी लाइ उक्त विषयको विश्लेषण नै नगरी २० प्रतिशतले हुने रु ४५ लाख पेश्की दिएको नियमसम्मत देखिएन साथै उक्त पेश्की जमानतको म्याद समेत सन २०२०।४।२० मा समाप्त भइ सकेकोले उक्त पेश्की जोखिममा रहेको देखिएको रु<br><br>(ख) पूर्व निर्धारित क्षतिपूर्तिः सार्वजनिक खरिद नियमावली २०६४ कोनियम१२१अनुसार निर्माण व्यवसायकोकारणले खरिद सम्झौता वमोजिमको काम तोकिएको समयमा सम्पन्न गर्न नसकेमा कार्यालयले संझौता रकमको बढीमा १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने व्यवस्था छ । झिमरुक विजुली लिफ्ट खानेपानि योजनाका निर्माण व्यवसायी जोशी /आशु / इशान जे भी को ठेक्का म्याद ०७७।३।१५ सम्म रहेको र तत्पश्चात सो को म्याद थप समेत नभएको साथै उक्त म्याद सम्म कुनै पनि भौतिक प्रगति भएको नदेखीएकोलेसम्झौता रकम रु २२७९०५६३।०० को प्रति दिन ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने रु</td><td>४५०००००.०<br><br>२२७९०५६.००</td></tr>
<tr><td>६९.</td><td>सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहबाट सञ्चालित योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी , दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका द्वारा सञ्चाणलित केहि कार्यक्रममा सार्वजनिक परीक्षण गरने गरेको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा पारर्दशिता र जवाफदेहिताको प्रबद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७०.</td><td>सफ्टवेयर खरिद - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका , २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विघुतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृती लिएको देखिएन । यस्ता सफ्ट वेयरहरुलाइ उक्त विभागवाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । स्थानीय तह ले यस वर्ष जिन्सी व्यवस्थापन सम्बन्धी सफ्टवेयर रु २७१२००।०० सोझै खरीद गरेको मा उक्त सफ्टवेयर संचालनमा आएको नदेखीएकोले उक्त सफ्टवेयर प्रयोगमा आएको प्रमाण पेश हुनु पर्ने</td><td>२७१२००.००</td></tr>
<tr><td>७१.</td><td>सोझैखरिद– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु . ५ लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. ५ लाख भन्दा माथि रु . २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै खरिद गरेको नियमसम्मत देखिएन ।यसका केही उदाहरणहरु निम्नानुसार छन ।<br><table><tr><th>भौ.नं. मिति</th><th>कामको विवरण</th><th>रकम</th></tr><tr><td>२।०७६।७।२०</td><td>सडक मर्मत</td><td>४४७०६४.००</td></tr><tr><td>४।०७६।७।२६</td><td>सडक मर्मत</td><td>४१२७२५</td></tr><tr><td>५।०७६।७।२६</td><td>सडक मर्मत</td><td>४६२२६०</td></tr></table></td><td>१९०१२८९.००</td></tr>
</table>

| | | |
|---|---|---|
| ७।०७६।१०।१३ | सडक मर्मत | ३४०३०५ |
| ९।०७६।१०।१४ | सडक मर्मत | २३८९३५ |
| **जम्मा** | | **१९०१२८९.००** |

७२. **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरीद साम्झौता कार्यान्वयन गर्दा सो को प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

| भौ.नं. मिति | निर्माण कामको विवरण | गा पा द्वारा भुक्तानि | कामको प्रकृति |
|---|---|---|---|
| १०१।०७७।३।२५ | लादम लिफ्ट खानेपानी योजना | ११५५२००.०० | उपभोक्ता समिति |
| १२०।०७७।३।२७ | खवाङ लिफ्ट खानेपानी योजना | ६५८०७०.० | उपभोक्ता समिति |
| ११।०७७।३।२८ | चिदेरी झोलुङ्गे पूल निर्माण | २७९९२६३.०० | उपभोक्ता समिति |
| ९।०७७।३।२३ | अमर ज्योती प्रा वी २ कोठे भवन निर्माण | १५३६०००.०० | उपभोक्ता समिति |
| २०।०७७।३।३१ | वाल विकास प्रा वी २ कोठे भवन निर्माण | १५२५९६३.०० | उपभोक्ता समिति |

७३. **मालसामानको मौज्दातः**

सघीय सर्शत अनुदान अन्तर्गत खरको छानो विस्थापन कार्यक्रमका लागि ठेक्का व्यवस्थापन भइ हुलास स्टिल इन्डस्ट्रिज प्रा .ली वाट खरीद गरीएका २६ गेजको कलर जस्ता पाता ८०७ वन्डल प्रति एकाइ मुल्य रु १०९६१।०० का दरले जम्मा रु ८८४५५२७।०० र प्लेन जस्ता पाता प्रति वन्डल रु १०२८३ का दरले ३७।५ वन्डलको रु ३८५६१२।५।०० समेत जम्मा रु ९२३११३९।५० खरीद गरी पालिकाका ६ वटै वडामा वितरण गर्ने कार्यक्रम रहेकोमा उक्त परीमाण जिन्सी खाता वाट वडा कार्यालयलाइ वितरण गरेको सम्म देखिएतापनि वडा कार्यालय वाट सम्वन्धीत लाभग्राही लाइ वितरण गरेको भर्पाइ र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु

९२३११३९.५०

७४. पुष्पाञ्जलि निर्माण सेवा अर्डर एण्ड सप्लायर्स वाट विभिन्न खानेपानि योजनाको लागी निम्नानुसारको परिमाणमा पाइपहरु खरीद गरी रु ६७४६१०।०० भक्तानि गरेकोमा सो को जडान नगरी मौज्दात राखेको देखीएकोले सो को खर्चको प्रमाण पेश हुनुपर्ने रु

६७४६१०.००

| सि न | साइज | परीमाण | प्रतिएकाइ मूल्य | भुक्तानि रकम |
|---|---|---|---|---|
| १ | ४० एम एम | ५०० मिटर | १०१.७० | ५०८५०.०० |
| २ | ३२ एम एम | २००० मिटर | ६७.८ | १३५६००.०० |
| ३ | २५ एम एम | ८००० मिटर | ६१.२ | ४८८१६०.०० |
| **कूल जम्मा** | | | | ६७४६१०.०० |

**समानीकरण चालुतर्फ**

७५. **अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि पशु, शैक्षिक सेवा, सामान खरिद गरी वितरण गरेको भनि खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि

<table>
<tr><td></td><td>सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरि रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७६.</td><td>असम्वन्धित व्यक्तिलाइ भत्ता भुक्तानि : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । जस अनुसार आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउपालिकाले उपाध्यक्ष सहित ३ सदस्य समिति रहने व्यवस्था छ ।तर सो समिति वेगरका देहायका कर्मचारीहरुलाई भत्ता भुक्तानी गरेको देखिएकोले नपाउने वैठक भत्ता वापतको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>कर्मचारीको नाम</th><th>वैठक संख्या</th><th>दर</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>योजना शाखा श्री विनोद भुषाल</td><td>२</td><td>१०००।</td><td>२०००।</td></tr>
<tr><td>ईन्जिनियर श्री माया गैरे</td><td>२</td><td>१०००।</td><td>२०००।</td></tr>
<tr><td>खरिदार श्री श्रीधर भट्टराई</td><td>४</td><td>१०००।</td><td>४०००।</td></tr>
<tr><td>जम्मा</td><td>८</td><td>१०००।</td><td>८०००।</td></tr>
</table></td><td>८०००.००</td></tr>
<tr><td>७७.</td><td>उपस्थित नभएको दिनको भत्ता भुक्तानि :९२।२०७७।१।८ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) मा खर्च लेख्दा रित पुगे नपुगेको जाच गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।देहायका पदाधिकारीहरुले वैठकमा उपस्थिती देखीने प्रमाण वेगर वैठक भत्ता लिएको देखिएकोले उक्त भत्ता रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>पदाधिकारीको नाम</th><th>कुल वैठक संख्या</th><th>अनुपस्थित वैठक संख्या</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>उपाध्यक्ष श्री वुद्ध वहादुर वस्नेत</td><td>८</td><td>१</td><td>७००।</td></tr>
<tr><td>३ नं वडाध्यक्ष भुपेन्द्र वहादुर आले</td><td>७</td><td>१</td><td>७००।</td></tr>
<tr><td>कार्यपालिका सदस्य श्री मंगली गुरुङ्ग</td><td>५</td><td>१</td><td>७००।</td></tr>
<tr><td>कार्यपालिका सदस्य श्री सीता सापकोटा</td><td>९</td><td>१</td><td>७००।</td></tr>
<tr><td>कार्यपालिका सदस्य श्री कृष्णा राउत क्षेत्री</td><td>६</td><td>१</td><td>७००।</td></tr>
<tr><td>कार्यपालिका सदस्य श्री अर्जुन कुमार पन्थी</td><td>८</td><td>१</td><td>७००।</td></tr>
<tr><td>जम्मा</td><td>४३</td><td>६</td><td>४२००।</td></tr>
</table></td><td>४२००.००</td></tr>
<tr><td>७८.</td><td>दोहोरो भत्ता भुक्तानिः १६।२०७६।६।२९ मा नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन , २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस वर्ष अध्यक्ष उपाध्यक्ष लगायत ९ जना पदाधिकारीहरुलाई ऐनमा तोकीए भन्दा वढी संचार खर्च रकम भुक्तानि भएकोले उक्त रकम असुल हुनुपर्ने रु</td><td>१८०००.००</td></tr>
<tr><td>७९.</td><td>भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्.<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमणमा ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना समेत रहने हुदा तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न गाउपालिकाले ध्यान दिनुपर्दछ । | |
| ८०. | **अनुगमन भत्ताः-** भ्रमण खर्च नियममावली २०६४ को नियम २१ मा भ्रमण वा अनुगमनमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र नियम १८ मा भ्रमण समाप्त भएपछि नियमानुसार दैनिक तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भरपाई पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न योजनाको अनुगमन गरेको भनी जनप्रतिनिधी तथा कर्मचारीलाई अनुगमन खर्च वापत रु ९२८६६०।०० भुक्तानी गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन । साथै कुन कुन योजनाको अनुगमन गरियो सो को अभिलेख सहितको प्रतिवेदन पेश गरेको देखिएन । योजना अनुगमन गरेको मिति, योजना अनुगमनमा देखिएका समस्या र भविष्यमा गर्नु पर्ने सुधार सहितको प्रतिवेदन पेश गर्नुपर्नेमा प्रतिवेदन नदिइ खर्च लेख्दा अनुगमन भएको पुष्ट्याई हुन सकेन । साथै आफ्नै पालिकाको कार्यक्रम अनुगमन गरेको उल्लेख गरि दिएको अनुगमन भत्ता उपयुक्त देखिएन । यस प्रकारको खर्च यथाशिघ्र नियन्त्रण गरिनु पर्ने देखिन्छ । | |
| | **सामाजिक सुरक्षातर्फः** | |
| ८१. | **लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चारलन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिगकरण विभागले सञ्चाललनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम आ एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्ति भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम आ एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको नदेखीएको साथै निष्किय रहेका लाभग्राहीहरुको वैक खाता समेतको निर्देशिका अनुसार प्रभावकारी अनुगमन गरिनु पर्दछ । | |
| ८२. | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) मा भएको व्यवस्था वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण वडा न १ र ६ वाहेक बैकिङ प्रणालीमा गइसकेको भएतापनी पालिकाको उक्त वडाको सामाजिक सुरक्षा भत्ता वितरणलाइ व्यवस्थित र विश्वसनिय छ भन्न सक्ने अवस्था देखिएन ।<br>साथै लाभग्राहीको मृत्यु भएमा , बसाई सरी गएमा , एकल वा विधवा महिलाले विवाह गरेमा , बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्कमार्फत वितरण भएकोमा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा , अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख वाट कट्टा गरि | |

भत्ता वितरण लाइ व्यवस्थित र विश्वसनिय वनाउन  वैकिङ प्रणालि मार्फत वितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८३. **अतिरीक्त भत्ता** : -स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन , संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम अतिरिक्त भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था   रहेकोमा पालिकाले उक्त व्यवस्था विपरीत खर्च लेखेको असुल हुनुपर्ने रु — १०२०००.००

| **सि न** | **नाम** | **रकम** |
|---|---|---|
| १ | भूप वहादुर के सी | ९०००.०० |
| २ | राम वहादुर वस्नेत | ९०००.०० |
| ३ | लिलाविटा के सी | ९०००.०० |
| ४ | वालचन्द्र गुरुङ | ९०००.०० |
| ५ | काशीराम पौडेल | ९०००.०० |
| ६ | विनोद भुसाल | ७०००.०० |
| ७ | माया गैरे | ६०००.०० |
| ८ | छत्र वहादुर शाही | ६०००.०० |
| ९ | हरी प्रसाद गौतम | ६०००.०० |
| १० | विनोद कुमार त्रिपाठि | ७०००.०० |
| ११ | सागर पौडेल | ६०००.०० |
| १२ | प्रजापति ज्ञवाली | ७०००.०० |
| १३ | मुन वि क | ६०००.०० |
| १४ | वसन्ता सुनार | ६०००.०० |
| **जम्मा** | | **१०२०००.००** |

८४. **भत्ता वितरणको अनुगमनः** कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।

**विपद् व्यवस्थापनः**

८५. **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन , २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले १५ सदस्यीय समिति गठन गरी यस वर्ष विभिन्न समयमा  वैठक वसी आफ्नो क्षेत्रको विपत व्यवस्थापन सम्वन्धी कार्य गरेको उल्लेख छ  । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

८६. **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन , २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने    , बजेट

विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने , विपद् पूर्वको तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने , ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने , विपद् सूचना प्रणाली विकास र सञ्चातलन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

८७. **विपद् व्यवस्थापन कोष**– विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ ।पालिकाले गत वर्षको मौज्दात समेत रु १६१०१०११।- आम्दानी भई रु. १४९२७९२७।०० ।- खर्च गरी बाँकी रु. ११७३०८४ ।- देखिन्छ । पालिकाले खर्च मध्ये राहत वितरण मा रु. ८८९६४६।-, क्वारेन्टाइन व्यवस्थापनमा रू.१०२९४६४५।-, पिपिइ, मास्क, थर्मलगन, स्यानिटाइजर , औषधि खरिदमा रु १४९१४३३।०० लगायतमा उक्त रकम भुक्तानी खर्च लेखेको देखिन्छ । विपद् व्यवस्थापन कोष सञ्चालनको प्रभावकारी सञ्चालन एव व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

८८. **वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन , २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

८९. **अनुगमन तथा सम्परीक्षण**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । रु हजारमा

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| १३२०४ | ० | १३२०४ |

९० **अद्यावधिक वेरुजु -** यस पालिकाको २०७६।७७ सम्मको फछ्यौ ट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १३२०४ | ० | १९७५५ | ० | ३२९५९ |

## कोभिड १९ तर्फ

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१.</td><td>बार्षिक प्रतिवेदन विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>प्रकोप व्यवस्थापन सम्वन्धमा : पालिकाको प्रकोप व्यवस्थापन समितिको वैठक र सो का निर्णयहरु लेखापरीक्षणमा पेश हुन नआएकोले उक्त समिति वाट भए गरेका निर्णय ,प्रकोप व्यवस्थापनका लागी भएका प्रयास ,राहत वितरणका मापदण्ड ,राहतका लागी छनौट गरीएका परीवार र व्यक्तिको पहिचानका साथै सामग्री खरीदको विधि ,सो को दर र गुणस्तर समवन्धमा विश्वस्त हुन सकिएन ।</td><td></td></tr>
<tr><td>३.</td><td>कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७ असार मसान्तसम्मको प्राप्त रकम र खर्च सम्बन्धी बिबरण अनुसार कायार्लयले यस वर्ष रू १६१०१०११।०० आम्दानी भएको विवरण पेश गरेको छ भने असार मसान्त सम्ममा रू १४९२७९२७।०० खर्च भएको देखएको छ । कार्यालयले देहाय अनुसार आम्दानी र खर्चको विवरण पेश गरेको छ ।
<table>
<tr><th>बजेट/आम्दानीको स्रोत</th><th>२०७७ असार मसान्तसम्म प्राप्त रकम</th><th>२०७७ आश्विन मसान्तसम्म प्राप्त रकम</th><th>खर्च शीर्षक</th><th>२०७७ असार मसान्तसम्म खर्च रकम</th><th>२०७७ आश्विन मसान्तसम्म खर्च रकम</th></tr>
<tr><td>संघीय सञ्चित कोषबाट</td><td>१२२५३२५</td><td>-</td><td>राहात वितरण</td><td>८८९६४६</td><td></td></tr>
<tr><td>प्रदेश सञ्चित कोषबाट</td><td>१३४००००</td><td></td><td>क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन</td><td>९४९१४७३</td><td></td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको</td><td>१२०८१९३८</td><td></td><td>आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन</td><td>८०३१७२</td><td></td></tr>
<tr><td>संघीय कोभिड कोषबाट</td><td>३०००००</td><td></td><td>जनशक्ति परिचालन</td><td>१११७५१९</td><td></td></tr>
<tr><td>प्रदेश कोभिड कोषबाट</td><td>१००००००</td><td></td><td>औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद</td><td>१४९१४३३</td><td></td></tr>
<tr><td>अन्य स्रोतबाट प्राप्त</td><td>१५३७४८</td><td></td><td>स्वास्थ्य पूर्वाधार निर्माण</td><td>०</td><td></td></tr>
<tr><td></td><td>०</td><td></td><td>अन्य शीर्षकमा भएको खर्च</td><td>११३४६८४</td><td></td></tr>
<tr><td></td><td>०</td><td></td><td>बाँकी</td><td>११७३०८४</td><td></td></tr>
<tr><td>जम्मा</td><td>१६१०१०११</td><td></td><td>जम्मा</td><td>१६१०१०११</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४.</td><td>जोखिम भत्ता : नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश , २०७७ को दफा ७(ङ) मा , अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । कार्यालले कोभिड-१९ महामारी नियन्त्रणमा अग्रपंतिमा खटेका विभिन्न स्वास्थ्यकर्मी, लाई जोखिम भत्ता वापत रू. १११७५१९।०० खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>५.</td><td>क्वारेन्टाईन र आइसोलेसन व्यवस्थापनः कार्यालयले कोभिडको जोखिममा रहेका व्यक्तिहरुको व्यवस्थापनको लागि विभिन्न २२ स्थानमा क्वारेन्टाइन तथा होल्डिङ सेन्टर तयार गरेकोमा क्वारेन्टाइनमा बस्ने मानिसहरुको</td><td></td></tr>
</table>

सख्या २२०६ रहेको उल्लेख छ । क्वारेन्टाइनमा बस्ने मानिसहरुको व्यवस्थापनको लागि क्वारेन्टाइन स्थलको पायक पर्ने विधालयहरुमा व्यवस्थापन गरे पनि खानाको लागी होटलहरु सग दररेट माग गरेको देखीएन । पालिकाले यस वर्ष २२ वटा उक्त केन्द्रको निर्माण र क्वारिन्टाइनमा रहेका व्यक्तिहरुको लागी खाना खाजा र व्यवस्थापन वापत रु ९४९१४७३।०० खर्च गरेकोमा उक्त खर्चलाइ मितव्ययी रुपमा खर्च गरेको भनि विश्वस्त हुन सकिएन ।

६. **विशेष परिस्थितिमा खरिद :** सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण , गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी , आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि देहाय अनुसारका प्रमुख स्वास्थ्य सामाग्रीको खरिद गरेको छ । खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालयले उपयुक्त खरिद विधि अवलम्बन गर्न नसक्दा KN 95 माक्स रु. ३५० देखि रु.५५०।०० सम्ममा खरिद भएको देखिन्छ । न्यूनतम् र अधिकतम् मूल्यवीच धेरै अन्तर रहेकोले कार्याललले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन ।

७. कोभिड-१९ केश इन्भेष्टिगेसन तथा कन्ट्याक ट्रेसिङ्ग टिम परिचालन तथा व्यवस्थापन गर्न ३ सदस्यीय टोली गठन गरी देहाय बमोजिमको कार्य गरेको देखिन्छ ।

| स्थानियतहको नाम | टीमको सदस्य संख्या | खर्च रकम | केश अनुसन्धान संख्या | कन्टयाक्टमा आएका व्यक्तिहरूको पहीचान संख्या | सामान्य परामर्श, फलोअप तथा रेफर संख्या | नमूना संकलन वा द्रुत परिक्षण संख्या |
|---|---|---|---|---|---|---|
| सरुमारानी गाउपालिकाक्षेत्र | ३ | | १० | ० | २ | ० |

८. **आरडिटि परीक्षणः** कायालयले पेश गरेको विवरण अनुसार २०७७ असार सम्म २२०६ जनाको आरडिटि परीक्षण गरेकोमा संक्रमितको विवरण पेश हुन आएन ।

| महिना | सबै क्षेत्रमा गरेको कुल परीक्षण संख्या | |
|---|---|---|
| | परीक्षण संख्या | संक्रमित संख्या |
| २०७६ चैत्र | ३३ | |
| २०७७ बैशाख | १७८ | |
| २०७७ जेठ | ७६२ | |
| २०७७ असार | १२३३ | |
| जम्मा | २२०६ | |

९. **राहात सामग्रीको खरिद र वितरणको परिमाणः** कार्यालयले देहाय अनुसार राहत समाग्री रु १७९०२३३।०० मा खरिद गरी वितरण गरेको विवरण पेश गरेको छ । मूल्य खुल्ने गरी विवरण पेश नगरेकोले मूल्य र परिमाणवीच तुलना गर्न सक्ने अवस्था छैन । खरिद गरेको पुरै सामग्री वितरण गरेको भए पनि वितरणको

| | | |
|---|---|---|
| | अवस्था खुल्ने गरी आवश्यक विल भपाई राख्ने नगरेकोले यस सम्बनधमा एकिन हुन सक्ने अवस्था छैन । | |

| राहत सामग्री | ईकाइ | खरिद परिमाण | वितरण परिमाण | राहात पाउने परिवार संख्या |
|---|---|---|---|---|
| चामल | के जी | ११०२५ | ११०२५ | ८८२ |
| दाल | के जी | १३२३ | १३२३ | |
| नुन | के जी | ८८२ | ८८२ | |
| तेल | लिटर | ८८२ | ८८२ | |

| | | |
|---|---|---|
| १०. | पालिकाले ६ वटा वडाका परिवारलाइ दाल चामल नुन तेल लगायत खाद्यन्न वितरण गरेको देखिन्छ । राहत सामग्री खरिद गर्दा विभिन्न वडाहरुमा फरक फरक दरमा राहात सामग्री खरिद गरि वितरण गरेकोबाट एउटै पालिकामा पनि खरिद मूल्यमा एक रूपता रहेको पाइएन । | |

# ऐरावती गाउँपालिका

## सञ्चित कोष विवरण आर्थिक वर्ष २०७६/७७

**अनुसुची-१**

**(रु. हजारमा)**

| क्र.स. | स्थानिय तह | जिल्ला | आय | | | | | जम्मा आय | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजश्व बाँडफाड रकम | आन्तरिक आय | अन्य आय | | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | ऐरावती गाउँपालिका | प्यूठान | ६२८३८ | २७८७४६ | ५५२७१ | ३८६६ | ८१८३३ | ४८२५५४ | २१७८०१ | ८०२०० | ११२१७२ | ४१०१७३ | ७२३८१ |

## बेरुजु बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

**अनुसुची-२**

**(रु. हजारमा)**

| क्र. स | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | प्यूठान | ऐरावती गाउँपालिका | ८५ | १४ | १९७५४ | ० | ० | ० | ८५ | १४ | १९७५४ | २३०९ | २६१७ | १०३२८ | ० | ० | १२९४५ | ० | ४५०० | ४५०० |

## अद्यावधिक बेरुजु स्थिती

**अनुसुची-३**

**(रु. हजारमा)**

| क्र.स | स्थानीय तहको नाम | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाँकी | यो बर्ष सं.प.बाट कायम भएको बेरुजु | यो बर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | ऐरावती गाउँपालिका | प्यूठान | १३२०४ | ० | १३२०४ | ० | १९७५४ | ३२९५८ |